आज मिति २०७८ साल मंसिर महिनाको १७ गते शुक्रवारको दिन विहान ११:०० बजे नलगाड नगरपालिका जाजरकोटका नगर प्रमुख श्री टेक बहादुर रावलज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री सुरेन्द्र सिंह | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ५. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ६. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ७. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ८. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ९. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| १०. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| ११. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| १२. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १३. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १४. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १५. | श्री लाल वहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १६. | श्री नरेन्द्र शाही | वडा नं. १३ अध्यक्ष | | |
| १७. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १८. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १९. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| २०. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २१. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २२. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २३. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २४. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |

मिति : २०७८।०८।१७ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु

१. नलगाड नगरपालिकाको आर्थिक ऐन, २०७८ संसोधन गर्ने सम्वन्धमा ।

२. बालविकास शिक्षिका र कर्मचारीको तलव भत्ता व्यवस्थापन सम्वन्धमा ।

३. नलगाड नगरपालिकाको विनियोजन ऐन, २०७८ संसोधन सम्वन्धमा ।

४. नलगाड नगरपालिकाको आ.व. २०७८।७९ को संसोधित बजेट तथा कार्यक्रम स्वीकृति सम्वन्धमा ।

५. आर्थिक सहायता गर्ने सम्वन्धमा ।

६. समपुरक रकम विनियोजन गर्ने सम्वन्धमा ।

७. विशेष कक्षा सञ्चालन सम्वन्धी कार्यविधि, २०७८ को मस्यौदा सम्वन्धमा ।

८. जग्गाको कित्ताकाट सम्वन्धी मापदण्ड खारेजी गर्ने सम्वन्धमा ।

९. मेडिकल अधिकृतको सेवा सुविधा थप सम्वन्धमा ।

१०. प्रथम चौमासिक समिक्षा गर्ने सम्वन्धमा ।

११. घट्ट दर्ता सम्वन्धी कार्यविधि, २०७८ स्वीकृत सम्वन्धमा ।

१२. लेखापरीक्षण प्रतिवेदन सम्वन्धमा ।

मिति : २०७८।०८।१७ गतेको नगर कार्यपालिकाको बैठकका निर्णयहरु

**निर्णय नं. १:** नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विभिन्न क्षेत्रबाट प्राप्त सुझाव समेतका आधारमा **नलगाड नगरपालिका आर्थिक ऐन, २०७८** को दफा ५ सँग सम्वन्धित अनुसूची-४ र दफा १२ सँग सम्वन्धित अनुसूची-११ मा थप तथा संसोधन सहित स्वीकृत गरी मिति २०७८।०८।१८ गते शनिवारको दिन हुने नलगाड नगरपालिकाको नवौ नगर सभामा आर्थिक विकास समितिका संयोजक श्री केशव प्रसाद शर्माज्यू मार्फत प्रथम पटक संसोधन प्रस्ताव सहित पारितको लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २:** नेपाल सरकारको आ.व. २०७८।७९ को बजेट बक्तव्यको बुदाँ नं. ११६ मा बालविकास शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई तलवभत्ता व्यवस्थापनको लागि स्थानीय तहरुलाई जिम्मेवार बनाएकोमा यस नलगाड नगरपालिकामा बजेट अभाव, आन्तरिक श्रोतको कमी तथा आठौ नगरसभाबाट विभिन्न शीर्षकहरुमा बजेट विनियोजन भईसकेको अवस्थामा संचित कोषमा मौज्दात रहेको रकम (आन्तरिक श्रोत) समेतको आधारमा नेपाल सरकारको बजेट बक्तव्यमा तोकिए बमोजिम मासिक तलवभत्ता आ.व. २०७८।७९ को मिति २०७८।१२।०१ देखि लागु हुने गरी कर सहित रु. १५,०००।० अक्षरुपी पन्ध्र हजारको दरले तलवभत्ता निर्धारणको लागि नवौ नगर सभामा प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
( नगर प्रमुख )

**निर्णय नं. ३:** नेपालको संविधान बमोजिम मिति २०७८।०३।१८ मा सम्पन्न नलगाड नगरपालिकाको आठौ सभाबाट स्वीकृत गरिएको नलगाड नगरपालिकाको विनियोजन ऐन, २०७८ मा बजेट खर्चको सीमा रु. ५६,८६,८४,०००।० अक्षरुपी छपन्न करोड छयासी लाख चौरासी हजार मात्र बजेट सीमा निर्धारण गरिएकोमा उक्त बजेट खर्चको सीमामा रु. १,८०,२८,०००।० अक्षरुपी एक करोड असी लाख अट्ठाईस हजार मात्र थपको लागि स्वीकृति प्रदान गरी मिति २०७८।०८।१८ गते शनिवारको दिनमा हुने नलगाड नगरपालिकाको नवौ नगर सभामा नलगाड नगरपालिकाको विनियोजन ऐन २०७८ को खर्चको सीमा रु. ५८,६७,१२,०००।० अक्षरुपी अन्ठाउन्न करोड सतसट्ठी लाख बाह्र हजार मात्र कायमको (प्रथम पटक संसोधन) लागि नगर उपप्रमुख श्री वालकुमारी बस्नेतज्यू मार्फत प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४:** नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्वीकृत गरिएको नलगाड नगरपालिका विनियोजन ऐन, २०७८ मा गत वर्षको नगद मौज्दात (आन्तरिक श्रोत) को शीर्षकबाट थप गरिएको अनुमानित बजेट रु. १,८०,२८,०००।० अक्षरुपी एक करोड असी लाख अट्ठाईस हजार बजेटबाट तपसिल बमोजिम चालुगत र पुँजीगत योजना तथा कार्यक्रम छनौट गरी पारितको लागि मिति २०७८।०८।१८ गतेका दिन हुने नवौ नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | पुँजीगत योजनाको विवरण | स्थान | साविक बजेट | थप बजेट | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सिउन परिवगर सडक निर्माण | वडा नं. १३ | ० | ७००००० | ७००००० | |
| २. | दल्ली रिङ्गरोड निर्माण | वडा नं. ७ | ५००००० | ७००००० | १२००००० | |
| ३. | नगर कार्यपालिकाको भवन निर्माण | वडा नं. ७ | ३८००००० | १६००००० | ५४००००० | |
| ४. | ई.प्र.का. चौखा प्रतिक्षालय निर्माण | वडा नं.११ | ० | ४०००० | ४०००० | |
| | **जम्मा पुँजीगत बजेट रु.** | | | ३०४०००० | | |
| १. | बालविकास शिक्षक तथा विद्यालय कर्मचारीको तलवभत्ता | नगरक्षेत्र | ० | ९०००००० | ९०००००० | |
| २. | सामुदायिक स्वास्थ्य एकाई तलवभत्ता | वडा न १० र वडा १३ | ० | १५५०००० | १५५०००० | |
| ३. | औषधी उपकरण खरिद व्यवस्थापन | नगरक्षेत्र | ० | ९५०००० | ९५०००० | |
| ४. | प्रगति पूस्तिका तथा भिडियो निर्माण | नगरक्षेत्र | ० | ७००००० | ७००००० | |
| ५. | आँखा शिविर सञ्चालन | नगरक्षेत्र | ० | ४००००० | ४००००० | |
| ६. | रघुनाथ तरकारी पकेट क्षेत्र समपुरक | वडा नं. ५ | ० | २५८००० | २५८००० | |

नि.प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
(नगर प्रमुख)

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | ईन्धन कार्यालय प्रयोजन | नगरक्षेत्र | ० | ५००००० | ५००००० | |
| ८. | कृषि र पशुसम्वन्धी डि.पी.आर. तयार | वडा नं. ४, ५ र ६ | ० | ७५०००० | ७५०००० | |
| ९. | परामर्श सेवा आई ई तयार कार्यक्रम | नगरक्षेत्र | ० | ५००००० | ५००००० | |
| १०. | मर्मत सम्भार खर्च | नगरक्षेत्र | | ३८०००० | ३८०००० | |
| | **जम्मा चालुगत खर्च रु.** | | | १४९८८००० | | |
| - | **कुल विनियोजित बजेट रु.** | | | १८०२८००० | | |

**निर्णय नं. ५:** नलगाड नगरपालिकाको आ.व. २०७८।७९ को नगर सभाबाट विनियोजित आकष्मिक कोषबाट तपसिल बमोजिमका व्यक्तिहरुलाई स्वास्थ्य उपचारको लागि तपसिल बमोजिम आर्थिक सहायता रकम उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | व्यक्तिको नामथर | ठेगाना | श्रोत रकम | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्रीमती बालकुमारी बस्नेत | नलगाड-१३ जाजरकोट | आकष्मिक कोष | २००००० | |
| २. | श्रीमती कमला खत्री | नलगाड-५ जाजरकोट | आकष्मिक कोष | २५००० | |
| ३. | श्री विनोद परियार | नलगाड-७ जाजरकोट | आकष्मिक कोष | २५००० | |

**निर्णय नं. ६:** कर्णाली प्रदेश सरकारको समपुरक रकम र नलगाड नगरपालिकाको साझेदारीमा आर्थिक वर्ष २०७८।७९ मा निर्माण सम्पन्न हुनेगरी तपसिल बमोजिमका योजनाहरुमा तपसिल बमोजिम बजेट समपुरक रकमबाट विनियोजन गरी योजना निर्माण प्रक्रिया अगाडी बढाउने र बाँकी रकम अन्य जुनसुकै श्रोतबाट सुनिश्चित गरी योजना कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजनाको नाम | स्थान | कर्णाली प्रदेश | स्थानीय तह | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | परिवगर देखि सिउन सडक निर्माण योजना | वडा नं. १३ | ५०००००० | ३०००००० | ८०००००० | |
| २. | खान्टाकुरा जुम्ल्यासल्ली हुदै मायाडाँडासम्म सडक निर्माण | वडा नं. ४ | ५०००००० | २७५०००० | ७७५०००० | |

नि.प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
( नगर प्रमुख )

**निर्णय नं. ७:** नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, नलगाड नगरपालिकाको शिक्षा ऐन, २०७६ बमोजिम नलगाड नगरपालिका वडा नं. ४ मा स्थापना गरिएको विशेष श्रोत कक्षालाई व्यवस्थित र प्रभावकारी बनाउन विशेष कक्षा सञ्चालन सम्वन्धी कार्यविधि, २०७८ को मस्यौदा तयारीको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल बमोजिम ३ सदस्यीय मस्यौदा तयारी समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १. श्री सुरेन्द्र सिंह (प्रमुख प्रशासकीय अधिकृत) | | संयोजक |
| २. श्री यज्ञ बहादुर खत्री (अधिकृत छैठौ तह) | | सदस्य |
| ३. श्री बलवीर वि.क. (शिक्षा शाखा प्रमुख) | | सदस्य सचिव |

समितिको वैठकमा सम्वन्धित क्षेत्रका विज्ञ तथा जनप्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ ।

**निर्णय नं. ८:** नलगाड नगर कार्यपालिकाको मिति २०७६।०४।०८ गतेको निर्णय नं. ८ मा व्यवस्था गरिएको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ढ (१) बमोजिम नलगाड नगरक्षेत्र भित्र ४ आना भन्दा कम हुने गरी जग्गा कित्ताकाट गर्न नपाउने मापदण्ड निर्धारण गरिएकोमा उक्त वैठकको प्रस्ताव नं. ८ बमोजिमको निर्णय नं. ८ खारेजी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९:** नलगाड नगरक्षेत्रका बासिन्दाहरुको गुणस्तरिय स्वास्थ्य सेवामा पहुँच पुर्‍याई सरल, सहज तथा प्रभावकारी रुपले स्थानीय स्तरमा नै स्वास्थ्य सेवा उपलव्ध गराउन, स्वास्थ्य सम्वन्धी परामर्श सेवा उपलव्ध गराउन नलगाड नगरपालिका अर्न्तगत प्राथमिक स्वास्थ्य केन्द्र दल्लीमा कामकाज गर्ने गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (७) बमोजिम मेडिकल अधिकृत (आठौ तह) श्री अरुण मानन्धरलाई सेवा करारमा नियुक्ति गरिएकोमा तपसिल बमोजिम विशेष प्रोत्साहन भत्ता मिति २०७८।०४।०१ देखि थप गरी उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | सुविधाको विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | मासिक तलव स्केल | ४२,३८०।० | |
| २. | मासिक स्थानीय भत्ता | २०,१९०।० | |
| ३. | मासिक महंगी भत्ता | २,०००।० | |

नि. प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
(नगर प्रमुख)

| | | | |
|---|---|---|---|
| ४. | मासिक आकष्मिक सेवा सञ्चालन भत्ता | ४०,३८०।० | |
| ५. | नन प्राक्टिस भत्ता | ७,५००।० | |
| ६. | विशेष प्रोत्साहन भत्ता | २०,०००।० | मिति २०७८।०४।१ देखि थप गरिएको |
| ७. | पोशाक भत्ता (वार्षिक) | १०,०००।० | चैत्र महिनामा |

**निर्णय नं. १०:** नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम नलगाड नगरपालिकाबाट आर्थिक वर्ष २०७८।७९ को प्रथम चौमासिकमा भएका कार्यविवरण, प्रगति विवरण, योजना कार्यान्वयनको अवस्था र सेवा प्रवाहको विषयमा समिक्षा तथा छलफल गरियो । तोकिएको समयमा कार्यसम्पन्न गर्नको लागि नगर कार्यपालिकाको कार्यालय, वडा समिति, विषयगत शाखा तथा स्वास्थ्य संस्थाहरुलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ११:** मस्यौदा समितिले तयार गरेको नलगाड नगरपालिकाको घट्ट दर्ता सम्वन्धी कार्यविधि, २०७८ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १२:** महालेखापरीक्षकको कार्यालय डोरमुकाम जाजरकोटको च.नं. २६ मिति २०७८।०६।२४ गतेको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर नगरपालिकाको आर्थिक कार्यविधि ऐन, २०७५ बमोजिम दफावार छलफल भई उक्त प्रतिवेदनमा उल्लेखित नियमित गर्नुपर्ने वेरुजुहरु नियमित गर्न मिति २०७८।०८।१८ मा हुने नवौ नगरसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

टेक वहादुर रावल
( नगर प्रमुख )